# व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८१ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

भोटखोला गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

संखुवासभा
कोशी प्रदेश, नेपाल।

पत्र संख्या:०८०/०८१
चलानी नं:

मिति: २०८०/१२/३०

सूचना! सूचना!! सूचना!!!

**विषय -: व्यक्तिगत घटना दर्ता सप्ताहमा सहभागी हुने सम्बन्धमा**

प्रस्तुत विषयमा व्यक्तिको कानुनी पहिचान स्थापित गर्न राज्यलाई नीति निर्माण गर्न र राज्यबाट प्रवाह हुने सेवा प्राप्तीको लागि व्यक्तिगत घटना दर्ता आवस्यक रहेकाले सो सम्बन्धी जनचेतना अभिवृद्धी गर्न प्रत्येक वर्ष बैशाख महिनाको पहिलो हप्ता व्यक्तिगत घटना दर्ता सप्ताह मनाईदै आईएकोमा यस आ.व. २०८०/०८१ मा पनि नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट व्यक्तिगत घटना दर्ता सप्ताह मनाउन भोटखोला गाउँपालिकालाई परिपत्र भए अनुसार यस पालिकामा पनि व्यक्तिगत घटना दर्ता सप्ताह कार्याक्रम मिति २०८१ बैशाख १ गतेबाट ७ गते सम्म मनाउने कार्यक्रम रहेको हुँदा जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध बिच्छेद लगायतका व्यक्तिगत घटनाहरु घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं भन्दै घटना दर्ता सप्ताहमा सहभागी हुन भोटखोला गाउँपालिकाका सम्बन्धित सबैमा अनुरोध गरिएको छ।

.........................
राजिव अधिकारी
प्रमुख प्रशासकिय अधिकृत